# बाँफिकोट गाउँपालिकाको आर्थिक ऐन २०७५

बाँफिकोट गाउँकार्यपालिकाबाट स्वीकृति मिति :२०७५/३/१८

गाँउसभा पारित मिति : २०७५/०३/२९

प्रमाणिकरण मिति : २०७५/०३/३०

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७५/०३/३०

बाँफिकोट गाउँपालिका

२०७५

बाँफिकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१ संख्या : २ मिति : २०७५/०३/३०

**भाग–१**

**बाँफिकोट गाउँपालिका**

## <u>बाँफिकोट गाउँकार्यपालिकाको सुचना</u>

बाँफिकोट गाउँकार्यपालिकाले **बाँफिकोट गाउँपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक** **<u>बाँफिकोट गाउँपालिकाको आर्थिक ऐन</u>** २०७५ पारित गरेकोले सर्वसाधारणको जानकारीकोलागि यो सूचना प्रकाशन गरिएको छ।

## <u>बाँफिकोट गाउँपालिकाको आर्थिक ऐन २०७५</u>

**प्रस्तावना :**

बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धि प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथाशुल्क संकलनगर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वान्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बाँफिकोट गाउँ सभाले यो ऐन बनाएको छ।

**१ संक्षिप्तनाम र प्रारम्भ :** (१) यस ऐनको नाम“आर्थिक ऐन, २०७५” रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावन १ गतेदेखि बाँफिकोट गाउँपालिका क्षेत्रमालागु हुनेछ।

**२. सम्पत्ति कर :** बाँफिकोट गाउँपालिका क्षेत्र भित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घर जग्गा कर लगाईने र असुलउपर गरिनेछ ।

**३. भुमि कर (मालपोत) :** बाँफिकोट गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिमभुमि कर (मालपोत) लगाइने र असुल गरिनेछ ।

**४. घर बहाल कर :** बाँफिकोट गाउँपालिका भित्र कुनै व्यक्तिवा संस्थाले भवन, घर, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पुरै आंसिकतवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गाबहाल कर लगाइने र असुलगरिनेछ ।

**५. व्यवसाय कर :** बाँफिकोट गाउँपालिका भित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानि र आर्थिक कारोवारको आधारमा अनुसूचि (४( बमोजिमको व्यवसाय कर लगाइने र असुल गरिनेछ ।

**६. जडिबुटि कवाडि र जिवजन्तु कर :** बाँफिकोट गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटि, वनकस, कवाडि माल र प्रचलित कानुनले निशेध गरिएको जिवजन्तु वाहेककाअन्य मृत वा मारिएका जीव जन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोवार गरे वापत अनुसूचि (५) बमोजिम कर लगाइने र असुलउपर गरिनेछ ।

**७. सवारी साधन कर :** बाँफिकोट गाउँपालिका भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्थाभएको अवस्थामा सोहीबमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** बाँफिकोट गाउँपालिक ाभित्रहुने विज्ञापनमा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्थाभएको अबस्थामा सोहि बमोजिमहुनेछ ।

**९. मनोरन्जन कर :** बाँफिकोट गाउँपालिका क्षेत्रभित्रहुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिमव्यवसाय कर लगाइने र असुलउपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्थाभएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** बाँफिकोट गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसुचि (९) माउल्लेख भएअनुसार हाट बजार वापसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बटौरी शुल्कलगाइने र असुलउपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** बाँफिोट गाउँपलिका क्षेत्रभित्र रहेकाकुनै सवारी साधनलाई पार्किङ सुविधाउपलब्ध गराएबापत अनुसची १० बमोजिमपार्किङ शुल्कलगाइने र असुलउपर गरिनेछ ।

**१२.ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जीजमपिगं,जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जीजमपिगं,जिपफ्लायर र ऱ्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसुचि ११ बमोजिमको शुल्कलगाइने र असुलउपर गरिने छ ।

**१३. सेवाशुल्क , दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची १२ माउल्लीखित स्थानीयपुर्वाधार  उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भएअनुसार शुल्कलगाइने र असुलउपर गरिनेछ ।

**१४. पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्र भित्रप्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची १३ बमोजिम दरमापर्यटन शुल्क लगाइने र असुलउपर गरिने छ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्थाभएको अवस्थामा सोहीब मोजिमहुनेछ ।

**१५. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१६. कर तथाशुल्क संकलन सम्बन्धिकार्यविधि** : यो ऐनमाभएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुची १

### दफा २ सँग सम्बधित

### गाउँपालिका क्षेत्रभित्रलगाइने एकीकृत सम्पत्ति कर

१. पक्की घर( आरसीसी तथा ढलान युक्त) प्रतिवर्गमिटर रु ६.२५

२.पक्की घर( माटो र ढुङगाले बनेको तर प्लाष्टर गरिएको ) प्रतिवर्गमिटर रु ३ प्रतिवर्ष

३. कच्ची घर( माटो र ढुङगाले बनेको स्लेट/जस्ताको छाना भएको) प्रतिवर्गमिटर रु १।६२ प्रतिवर्ष

४. कच्ची घर( माटो र ढुगांले बनेको खरको छाना भएको ) प्रतिवर्गमिटर रु १।५० प्रतिवर्ष

५. ढेब्री तथा व्यावसायिक प्रयोजनका अन्य घर प्रतिवर्गमिटर रु ५ प्रतिवर्ष

संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट प्रत्यक्ष्यअन दानप्राप्त गरि सञ्चालित संस्थाहरुलाई एकीकृत सम्पत्ति कर नलाग्ने तर कर प्रयोजनका  लागि कर चुक्ता रसिद वा निस्सा भने लिनुपर्नेछ ।

## अनुसुची २

## दफा ३ सँग सम्बधित

## गाउँपालिका  क्षेत्रभित्र लगाइने मालपोत कर

| क्र स | जग्गाको बिबरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | घर | रोपनी | ६.२५ | |
| २ | पाखोबारी | रोपनी | ६.२५ | |
| ३ | खेत तथा सिम | रोपनी | ६.२५ | |

जग्गा तोकिएको भन्दा अन्य प्रयोजनमा प्रयोग भए वा पाखोवारी तथा खेत बाँझो राखेमा दोब्बर कर लाग्ने छ। बक्यौता रहेमाप्रत्येक बक्यौता रहेमा प्रत्येक बक्यौता प्रतिवर्ष २५ प्रतिशतका दरले जरीवानालाग्ने छ। प्रतिपुजा न्युनतम रु. १० लाग्ने छ।

## **अनुसूचि ४**

## **दफा ४ सँग सम्वन्धित**

## **व्यवसाय कर**

| क्र.सं. | व्यवसायको प्रकार | करको दरहरु | कैफियत |
|---|---|---|---|
| १ | किरानापसल | रु. १८७५ | वार्षिक |
| २ | फेन्सि पसल | रु. ३७५० | वार्षिक |
| ३ | गल्लापसल | रु. ५००० | वार्षिक |
| ४ | मदिरा पसल | रु. १८७५० | वार्षिक |
| ५ | रेष्टुराँतथाहोटेल क्याटरिङ तथा यस्तै प्रकृतिकाअन्यव्यवसायहरु | रु.२५०० | वार्षिक |
| ६ | कृषितथापशुपालनव्यवसाय | रु. १२५० | वार्षिक |
| ७ | जोखिमयुक्तखानि, क्वारी, माइनिङ तथा यस्तै प्रकृतिकाअन्यव्यवसायहरु | रु.१२५०० | वार्षिक |
| ८ | निर्माण व्यवसाय | रु. १२५०० | वार्षिक |
| ९ | फोटो शप, फोटोकपि, डेस्कटप प्रिन्टिङ तथा यस्तै प्रकृतिकाअन्यव्यवसायहरु | रु. १८७५ | वार्षिक |
| १० | छापाखाना | रु. ६२५० | वार्षिक |
| ११ | रेमिटेन्स सेवा | रु. ६२५० | वार्षिक |
| १२ | अन्य सेवामुलकव्यवसाय | रु. २५०० | वार्षिक |
| १३ | काष्ठ उद्योग तथा समिल | रु. ६२५० | वार्षिक |
| १४ | कलर ल्याव | रु. ३१२५ | वार्षिक |
| १५ | जोखिमयुक्त रसायन तथा सामग्रि उत्पादनगर्ने व्यवसाय | रु. १२५०० | वार्षिक |
| १६ | मदिरा उद्योग | रु. १८७५० | वार्षिक |

| | | | |
|---|---|---|---|
| १७ | अल्कोहल रहित पेय पदार्थ उत्पादनगर्ने | रु. १२५०० | वार्षिक |
| १८ | नेपालिकागजउद्योग | रु. २५०० | वार्षिक |
| १९ | स्टेश्नरी तथा पुस्तकपशल | रु. ३१२५ | वार्षिक |
| २० | श्रृङ्गार सामग्रि पसल | रु. ६२५० | वार्षिक |
| २१ | सुर्तिजन्यपदार्थको पशल | रु. ६२५० | वार्षिक |
| २२ | फोन, मोबाईल तथा इन्टरनेट व्यवसाय | रु. १८७५० | वार्षिक |
| २३ | काष्ठ बाहेककाफर्निचर तथाग्रिल र फलाम सम्वन्धिअन्यउद्योग | रु. ६२५० | वार्षिक |
| २४ | गैर काष्ठ वन पैदवार सम्वन्धिअन्यव्यवसाय | रु. २५०० | वार्षिक |
| २५ | ग्यारेज, मोटरसाइकल साइकलतथा गाडि मर्मत केन्द्र | रु. ३१२५ | वार्षिक |
| २६ | घुम्ति पसल (गाडि) | रु. १८७५ | वार्षिक |
| २७ | माछा मार्ने व्यवसाय | रु. ६२५ | वार्षिक |
| २८ | टेलरीङ शप | रु. २५०० | वार्षिक |
| २९ | प्लाष्टिक पशल | रु. २५०० | वार्षिक |
| ३० | भित्ते लेखन तथा रङरोगन | रु. १८७५ | वार्षिक |
| ३१ | हार्डवेयर पसल | रु. ६२५० | वार्षिक |
| ३२ | मासु पसलतथाकोल्डस्टोर | रु. २५०० | वार्षिक |
| ३३ | इलेक्ट्रोनिक्स पसल | रु. ३७५० | वार्षिक |
| ३४ | सुन चाँदिव्यवसाय | रु. ६२५० | वार्षिक |
| ३५ | भाँडा पसल | रु. ३१२५ | वार्षिक |
| ३६ | तेल, चामलतथा पिठो मिल | रु. १८७५ | वार्षिक |
| ३७ | पानि घट्ट | रु. १८७५० | वार्षिक |
| ३८ | सिनेमा घर | रु. ३१२५ | वार्षिक |
| ३९ | औषधिपसल | रु. २५०० | वार्षिक |
| ४० | गल्ला किराना | रु. ४००० | वार्षिक |
| ४१ | फेन्सि कपडा | रु. ७००० | वार्षिक |
| ४२ | कपडा पसल | रु. ५००० | वार्षिक |

यस बाहेक अन्यव्यवसायमावार्षिक कारोबार अनुमति रकमको ०.१५ प्रतिशतले कर लाग्नेछ ।

नोट : दर्ता नभएका व्यवसायहरुलाई दर्ता गर्न लगाउने दर्ता गर्न अस्विकार गरेमा व्यवसाय वन्द गर्ने नयाँ व्यवसाय दर्ता शुल्क रु २५०।– र पुरानो भएमा रु. ५०० शुल्क लाग्ने छ ।

## अनुसूचि ५

## दफा ६ सँग सम्बन्धित

## जडिबुटी, कवाडि तथाजिवजन्तु कर

१. जडिबुटी कर : प्रचलितबजार मुल्य ( जडिबुटी यसोसिएसन नेपालवावनविभागवाएन्सावमाअभिलेख भएको अद्यावधिकमुल्यको ५ प्रतिशत )

| क.सं. | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | फलाम | १०० किलो ग्राम | रु. ६२५ | |
| २ | आल्मोनियम | १०० किलो ग्राम | रु. ९३७.५० | |
| ३ | तामा | १०० किलो ग्राम | रु. ११२५ | |
| ४ | अन्यधातु | १०० किलो ग्राम | रु. ५०० | |
| ५ | इलेक्ट्रोनिक सामानहरु | १०० किलो ग्राम | रु. १२५० | |
| ६ | प्लाष्टिक | गाडी | रु. १२५० | |
| ७ | काष्ठ | गाडी | रु. ६२५ | |
| ८ | अन्य | गाडी | रु. ६२५ | |

२. कवाडि कर निम्नानुसार हुनेछ।

३. जिवन्तु कर

यस गाउँपालिका क्षेत्रभित्रबसोबास गर्ने व्यक्ति बाट खरिद गरी गाउँपालिका क्षेत्र बाहिर लैजानथालिएको हकमामात्र

| क.सं. | जिवजन्तुको नाम | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | राँगा भैंसि | गोटा | रु. १२५ | |
| २ | गाईगोरु तथा बहर | गोटा | रु. ६२.५० | |
| ३ | बाखा भेडा तथाखसी | गोटा | रु. ३१.५० | |
| ४ | अन्यचौपाया | गोटा | रु. ३१.५० | |
| ५ | माहुरी | गोला/घार | रु. ३१.५० | |
| ६ | माछा | किलो ग्राम | रु. ६.२५ | |
| ७ | कुखुरा | किलोग्राम | रु. ६.२५ | |

४. मृत जिवजन्तुकाअवशेष तथाअङ्गहरु

| क.सं. | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | हाड खोर | किलोग्राम | रु. ६२.५० | |
| २ | छाला | थन | रु. ६२.५० | |
| ३ | प्वाँख | किलोग्राम | रु. ६२.५० | |
| ४ | सिङ खुर | किलोग्राम | रु. ६२.५० | |
| ५ | अन्य | किलोग्राम | रु. ६२.५० | |

**अनुसूचि ३**

**दफा ४ सँग सम्बन्धित**

**घर बहाल कर**

| क. सं. | जग्गाको विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | घर | बहालतिर्नु पर्ने रकमको १२.५ प्रतिशत | बहाल सम्झौतानगरी बहाललिननहुने र बहाल रकम भुक्तानिगर्दाको बखत १२.५प्रतिशत रकमकट्टि गरी सो रकम गाउँकार्यपालिकाको नाममा रहेको बैंक खातामादाखिला गरी सो को जानकारी गाउँकार्यपालिकालाई दिनुपर्नेछ । |
| २ | पसल | बहालतिर्नु पर्ने रकमको १२.५ प्रतिशत | |
| ३ | ग्यारेज | बहालतिर्नु पर्ने रकमको १२.५ प्रतिशत | |
| ४ | गोदाम | बहालतिर्नु पर्ने रकमको १२.५ प्रतिशत | |
| ५ | टहरा तथा ढेब्री | बहालतिर्नु पर्ने रकमको १२.५ प्रतिशत | |
| ६ | जग्गा | बहालतिर्नु पर्ने रकमको १२.५ प्रतिशत | |
| ७ | अन्य | बहालतिर्नु पर्ने रकमको १२.५ प्रतिशत | |

नोट :– अन्य उल्लेख नभएको कर राजस्व परामर्श समितिको प्रतिवेदनमा उल्लेख भए अनुसार हुनेछ ।

आज्ञाले,

नाम : लोक बहादुर कुसारी

प्रमुख प्रशासकीय अधिकृत

क